नीलकण्ठ नगर पालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

बालमैत्री स्थानीय शासन अवलम्वन तथा घोषणाका लागि नीलकण्ठ नगरपालिकाका जनप्रतिनिधि, बालैत्री स्थानीय शासन नगर तथा वडा समिति र सरोकारवालाहरुको उपस्थितिमा तयार गरिएको बालमैत्री आचारसंहिता -२०८२

## बालबालिकाले पालना गर्ने आचारसंहिता

१. विद्यालय उमेरका सम्पूर्ण बालबालिकाहरु विद्यालय पोशाकमा विद्यालय जाने तथा विद्यालय नजाने बालबालिकालाई विद्यालयमा नजानाको कारण पत्ता लगाई विद्यालयमा नियमित उपस्थिति हुने वातावरण तयार गर्न सहयोग गर्ने।

२. विद्यालय हाताभित्र विद्यालयको नियमको पालना गर्दै उश्रृखल व्यवहार नगरी अनुशासित बन्ने ।

३. स्थानीय स्तरमा स्थापित बालक्लबहरुमा सक्रिय सहभागिता जनाउँदै कसैलाई कुनै पनि किसिमको भेदभाव नगर्ने ।

४. विद्यालय र समुदाय स्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागिता जनाई निर्धक्क रुपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्ने र कर्तव्यको बारेमा सचेत हुने।

५. बालविवाहको लागि कुनै पनि अवस्थामा मञ्जुरी नहुने र अन्यत्र हुन लागेमा पनि निरुत्साहित गर्ने ।

६. बालबालिकाहरुको आधारभूत आवश्यकता पोसिलो खाना, आवास, स्वास्थ्य, शिक्षा, अवसर, माया, संरक्षण लगायतका बालअधिकारका विषयहरुबारे जानाकारी राख्दै अरुलाई पनि सिकाउने।

७. भिन्न क्षमता भएका बालबालिकाहरुलाई सहयोग र सहभागिताको अवसर प्रदान गर्ने ।

८. आफूले सकेको काम परिवारको सहयोगमा गर्ने ।

९. बजारिया खाना नखाने, घरायसी खाना खाने ।

१०. आफूले नबुझेको र नजानेको कुरा शिक्षक तथा आफ्ना अभिभावकलाई सोध्ने साथै आफूसँग सम्बन्धित पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुने ।

११. गाउँघरमा हुन लागेको तथा भइरहेको बालविवाह, बालयौन दुर्व्यवहार तथा बालश्रम जस्ता कुराहरु हुन नदिने यदि त्यस्तो भएको वा हुन लागेको भएका तत्काल सम्बन्धित निकायलाई सूचाना दिने।

१२. समय तालिका अनुसार पढ्ने लेख्ने सुन्ने खेल्ने र सञ्चार माध्यमको उचित प्रयोग गर्ने ।

१३. सुर्तीजन्य मादक पदार्थको प्रयोग तथा खरिद बिक्री एवं दुर्व्यसनीमा संलग्न नहुने ।

१४. बालअधिकारको हनन् भएको अवस्था देखेमा सम्बन्धित निकायमा खबर पुर्याउने ।

१५. अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा नफस्ने ।

१६. आफू आवद्ध रहेको वा आफूलाई बोलाइएको सामाजिक संस्थाको बैठकमा नियमित र सक्रिय सहभागी हुने र बालक्लब माफर्त बाल सहभागिताको अभिवृद्धिमा पहल गर्ने ।

१७. दिसा पिसाबको लागि चर्पीको प्रयोग र चर्पीको सरसफाई गर्ने।

१८. व्यक्तिगत सरसफाईमा ध्यान दिदै हात धुनु पर्ने अवस्था बुझ्ने र कार्यान्वय गर्ने।

१९. पोसिलो खानेकुरा खाने भाइबहिनी र साथीलाई पनि पोषिलो खानेकुरा खान प्रेरित गर्नुको साथै ६ महिनासम्मको बालबालिकालाई आमाको दुध मात्र खुवाउनका लागि अभिभावकलाई सचेत गराउने ।

२०. आवश्यक परेको खण्डमा सुरक्षित हुदै घरपरिवारको ज्येष्ठ सदस्यको अनुमति लिएर मात्र बाहिर निस्कने ।

२१. विद्यालय भर्ना अभियान खोप अभियान सरसफाई सप्ताह लगायत राष्ट्रिय अभियानहरुमा बाल क्लब मार्फत सक्दो जनचेतना र सहयोग गर्ने ।

२२. साना भाइ बहिनीलाई बाल विकास केन्द्रमा भर्ना गर्न अविभावकलाई प्रेरित गर्ने ।

२३. बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा बाल क्लबका सदस्यहरुको परिचालन गर्ने ।

२४. आफूभन्दा ठूलालाई आदर र सानालाई सम्मान गर्ने ।

२५. भर्खर जन्मेका भाइ बहिनीलाई ६ महिनासम्म आमाको दुध मात्र खुवाउनु पर्छ भनि अभिभावकलाई स्मरण गराउने।

## अभिभावकले पालना गर्ने आचार संहिता

नीलकण्ठ नगर पालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

१. विद्यालय उमेरका आफ्ना छोराछोरीहरुलाई नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय पठाउने।

२. विद्यालयमा समय समयमा अनुगमन गरी पूर्ण शैक्षिक वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्ने।

३. बालबालिकालाई अनुशासित र योग्य बनाउन बालक्लब तथा संस्कार सदनमा सहभागी हुन प्रेरित गर्ने र भेदभाव नगर्ने।

४. विद्यालय गएर वालबालिकाको अवस्था बुझ्ने।

५. बालविवाह बालयौन दुर्व्यवहार बालश्रम जस्ता कार्य नगर्ने गर्न पनि नदिने तथा सो देखिएमा सम्बन्धित निकायमा तत्काल सूचना दिने।

६. बालबालिकालाई बालअधिकार र कर्तव्यका कुराहरु सिक्न प्रेरित गर्दै अवसर प्रदान गर्ने।

७. भिन्न क्षमता भएका बालबालिकाहरुको आवश्यकताको पहिचान गरी सहयोग पुर्याउन पहल गर्ने तथा छोरा छोरीसँग विभेदपूर्ण व्यवहार नगर्ने।

८. अविभावक समक्ष निर्धक्क सँग बालबालिकाले आफ्नो कुरा राख्न सक्ने वातावरण सिर्जना गर्ने

९. आफ्नो घरमा कुनै पनि बालबालिकाको बालविवाह नगर्ने र बालश्रममा पनि नलगाउने।

१०. पढ्न लेख्न खान सुत्न खेल्न र सञ्चार माध्यमको उचित प्रयोग गर्न समय तालिका बनाउने साथै नियमित स्वास्थ्य परिक्षण सँगै खोप लगाउने व्यवस्था मिलाउने।

११. मादक पदार्थ तथा सुर्तीजन्य पदार्थको खरिद बिक्री एवं प्रयोगमा बालबालिकालाई संलग्न नगराउने र बालबालिका अगाडि प्रयोग नगर्ने।

१२. कुलत तथा दुर्व्यसनमा फस्न नदिनका साथै परपरिवार तथा समुदायमा त्यस्तो अवस्थालाई निरुत्साहित गर्ने।

१३. अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा नफस्न बालबालिकालाई सचेत गराउने

१४. बालक्लब तथा बालबालिका आवद्ध भएको सामाजिक संङ्घसंस्थाको कार्यक्रम तथा बैठकमा अर्थपूर्ण सहभागीताको लागि प्रेरित गर्ने।

१५. सुलभ तथा बालमैत्री शौचालयको व्यवस्था गरिदिने।

१६. नियमित सरसफाई जस्तै नङ काट्ने, कपाल कोर्ने, काट्ने, ब्रस गर्ने, साबुन पानीले हात धुने, नुहाउने आदि कुराको ख्याल गर्ने ।

१७. समयमा खाजा र सन्तुलित भोजनको व्यवस्था मिलाउने।

१८. आवश्यक परेको सन्दर्भमा बालबालिकाको उपस्थितिको आवश्यकतालाई मध्यनजर गरी सम्बन्धीत क्षेत्रमा अर्थपूर्ण सहभागीता गराउने।

१९. बालबालिकालाई समयमा विद्यालय भर्ना गर्ने, खोप लगाउने कार्य गर्नुका साथै सरसफाईमा ध्यान दिने।

२०. साना बालबालिकालाई बाल् विकास केन्द्रमा भर्ना गर्ने ।

२१. बालमैत्री स्थानीय शासनको प्रवर्द्धन तथा घोषणाको कार्यमा पूर्ण रुपमा प्रतिवद्धताका साथ लाग्ने।

२२. बालबालिकालाई घरमा नै आदर, सम्मान सम्बन्धी बानीको विकास गर्ने ।

## विद्यालय/सङ्घ संस्था,ब्यापारीले पालना गर्ने आचारसंहिता

१. प्रत्येक विद्यालयका सेवा क्षेत्र भित्र रहेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पहुँचमा ल्याउने।

२. विद्यालयमा बालबालिका,अभिभावक र शिक्षकले पालना गर्नुपर्ने नीति नियमको बारेमा सचेत गराउने।

३. बालबालिका तथा अभिभावकलाई बालक्लवको महत्त्व बारे सचेत गराउने।

४. घर परिवार तथा समाजमा बालमैत्री वातावरण सिर्जना गर्न अभिप्रेरित गर्ने।

५. बालबालिका माथि गरिने हिंसा,दुर्व्यवहार,बालश्रम शोषण रोक्न सचेतना फैलाउने।

६. दण्ड रहित र बालमैत्री वातावरणमा पठनपाठन गर्दै, बालअधिकारको संरक्षण गर्दै बालबालिका तथा अभिभावकहरुलाई बालअधिकार सम्बन्धि सचेत गराउने तथा कार्यान्वयन गराउने।

७. गरिव तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्नुको साथै प्रत्येक सङ्घ सस्थामा निर्माण गरिने भौतिक संरचना बालमैत्री बनाउने ।

८. नगरपालिका क्षेत्र भित्रका बालालिकालाई वडा भेला,योजना तर्जुमा समिति र सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणमा बालबालिकाको सक्रिय सहभागिताको सुनिश्चितता गर्ने साथै कार्यान्वयन गराउने।

९. बालश्रमको अवस्था रहन नदिनुका साथै बालविवाह र बालयौन दुर्व्यवहारलाई अन्त्य गर्दै स्थानीय सरकारलाई कार्यन्वयन गर्न थप सहयोग गर्न प्रयासरत रहने।

१०. समुदायमा बालस्वास्थ्य सम्बन्धि सचेतना जगाउनुका साथै व्यक्तिगत सरसफाई र पोषण सम्बन्धि वास्तविक अवस्था मूल्याङ्कन गरी स्थानीय तहले सहयोग गर्न जानकारी गराउने।

११. धुम्रपान,मद्यपान,सुर्तीजन्य सामाग्रीहरु खरिद तथा बिक्री वितरण जस्ता कार्यमा बालबालिकालाई प्रयोगमा नल्याउने यदि बालबालिका प्रयोग भएको खण्डमा व्यावसायीले नदिने वा नबेच्ने।

१२. बालअधिकार हननका घटनाहरु अनुगमन गर्दै त्यसको समाधानको लागि आवश्यक पहल गर्ने ।

१३. बाल सूचना केन्द्रको स्थापना गर्ने।बालबालिकाका लागि नियमित बजेट विनियोजन गर्ने,बालक्लब सञ्चालनमा सहजीकरण गर्ने।

१४. विद्यालय व्यवस्थापन समिति ,बालक्लब तथा विभिन्न सामाजिक संरचनामा बालबालिकालाई अर्थपूर्ण सहभागिता गराउनका लागि सहयोग गर्ने तथा गराउने।

१५. सुलभ तथा बालमैत्री शौचालय निर्माणका लागि सचेतना फैलाउने र सक्दो सहयोग गर्ने।

१६. स्वच्छ पिउने पानीको व्यवस्था गर्ने,बालमैत्री धाराहरु निर्माण गर्ने साथै सरसफाई सम्बन्धि सचेतना जगाउने।

१७. पोषणयुक्त खानेकुरा र सन्तुलित भोजनको विषयमा अभिभावक तथा बालबालिकालाई सचेत गराउने।

१८. घरबाट बाहिर निस्कदा बालबालिका माथि हुन सक्ने दुर्व्यवहार र त्यसबाट बच्ने उपाय बारे सचेतना गराउने र रोक्न पहल गर्ने।

१९. जन्म दर्ता अभियान,विद्यालय भर्ना अभियान,खोप अभियान,सरसफाई सप्ताह लगायतका राष्ट्रिय अभियानहरु अनिवार्य सञ्चालन गर्ने।

२०. बालविकास केन्द्रको स्थापना तथा सञ्चालन गर्ने ।कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन गर्ने।

२१. बालमैत्री लगानी योजना तर्जुमा र कार्यान्वयन गरी बालमैत्री स्थानीय शासन अभियानको सफलताको लागि पूर्ण रुपमा समर्पित हुने ।

२२. घरायसी आदर सम्मान बारे बालबालिकालाई क्षमता विकास गर्ने ।

२३. बालमैत्रीमा आधारित अतिरिक्त कृयाकलाप घरपरिवारदेखि नैतिक शिक्षाको पाठ सिकाउने गरी बालबालिकालाई समावेश गर्ने ।

## स्थानीय तह (पालिका तथा वडा) ले पालना गर्ने आचारसंहिता

१. विद्यालयको अवस्था अनुगमन गर्ने,बालमैत्री सहजकर्ताको व्यवस्था गरी घोषणाको निरन्तरता सुनिश्चित गर्ने ।

२. विद्यालय व्यवस्थापन समितिको बैठकमा उपस्थित हुने ।

३. बालक्लब सञ्जाल सञ्चालन,सहजीकरण,क्षमता विकासको लागि अवसर दिने ।

४. भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री अवधारणा अवलम्बन गर्ने ।

५. बालबालिका माथि हुने शोषण,हिंम्सा तथा दुर्व्यवहारको अनुगमन गरी निवारण गर्ने ।

६. बालमैत्री विद्यालय घोषणाको लागि आवस्यक अनुगमन तथा वातावरण तयार गर्ने ।

७. बालभेला कार्यविधि अनुसार बालभेला गरी बालबालिकाद्वारा बालमैत्री योजना छनोट गरी कार्यन्वयनका लागि बजेट विनियोजन गर्ने ।

८. स्थानिय सरकार संचालन ऐन २०७४,बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ र अवलम्वन तथा घोषणा कार्यविधी २०७९, बालबालिका सम्बन्धि ऐन २०७५, तथा अन्य नियम नीतिले निर्दिष्ट गरेको अधिकार प्रयोग गरि वडा तथा पालिकालाई बालमैत्री घोषणा तथा निरन्तरता दिने।

९. बालश्रम मुक्त वडा निरन्तरताका लागि सधै प्रयत्न रहने र बालविवाह हुन नदिनका लागि सरोकारवालाहरुलाई निरन्तर सचेत गर्ने गराउने ।

१०. विषयगत सेवा प्रदायक निकायसँग निरन्तर वहस छलफल गरी उचित सेवा प्रवाहको वातावरण निर्माण गर्ने।

११. धुम्रपान, मद्यपान, सुर्तीजन्य सामाग्रीहरु खरिद तथा बिक्री गर्न बालबालिकालाई नलगाउनको लागि सचेत गराउने।

१२. बालअधिकार हननका घटनाहरु अनुगमन गर्दै त्यसको समाधानका लागि आवश्यक पहल गर्ने ।

१३. बाल सूचना केन्द्रको स्थापना गर्ने। बालबालिकाका लागि नियमित बजेट विनियोजन गर्ने,बालक्लब सञ्चालनमा सहजीकरण गर्ने।

१४. विद्यालय व्यवस्थापन समिति, बालक्लब तथा विभिन्न सामाजिक संरचनामा बालबालिकालाई अर्थपूर्ण सहभागिता गराउनका लागि सहयोग गर्ने।

१५. सुलभ तथा बालमैत्री शौचालय निर्माणका लागि सचेतना फैलाउने र सहयोग गर्ने।

१६. स्वच्छ पिउने पानीको व्यवस्था गर्ने,बालमैत्री धाराहरु निर्माण गर्ने साथै सरसफाई सम्बन्धि सचेतना जगाउने।

१७. पोषणयुक्त खानेकुरा र सन्तुलित भोजनको विषयमा अभिभावक तथा बालबालिकालाई सचेत गराउने।

नीलकण्ठ नगर पालिका
# नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ

बागमती प्रदेश, नेपाल

१८. घरबाट बाहिर निस्कदा बालबालिका माथि हुन सक्ने दुर्व्यवहार र त्यसबाट बच्ने उपाय बारे सचेतना गराउने।

१९. जन्म दर्ता अभियान,विद्यालय भर्ना अभियान,खोप अभियान,सरसफाई सप्ताह लगायतका राष्ट्रिय अभियानहरु  सञ्चालन गर्ने।

२०. बालविकास केन्द्रको स्थापना तथा सञ्चालन गर्ने ।कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन गर्ने।

२१. बालमैत्री लगानी योजना तर्जुमा र कार्यान्वयन गरी बालमैत्री स्थानीय शासन अभियानको सफलताको लागि पूर्ण रुपमा समर्पित हुने।

२२. घरायसी आदर सम्मान बारे बालबालिकालाई क्षमता विकास गर्ने।

२३. बालमैत्रीमा आधारित अतिरिक्त कृयाकलाप गरि बालबालिकालाई समावेस गर्ने।